श्री ५ को सरकार

## पञ्चायत मन्त्रालयको

## सूचना

यस मन्त्रालयको रिक्त मुख्य लेखापरीक्षक ( रा. प. द्वि. श्रे. ) पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयको लेखापरीक्षण अधिकारी श्री जयन्द्रबहादुर स्वांरलाई बढीमा तीन महीनाको लागि मिति २०३१।७।१८ देखि कायम मुकायम मुकरर गरेको छ।

जङ्गबहादुर चन्द
श्री ५ को सरकारको सचिव

---

श्री ५ को सरकार

## पञ्चायत मन्त्रालयको

## सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति २०३१।८।५ देखि देहायका पदमा देहायका व्यक्तिहरूलाई देहायबमोजिम कायम मुकायम मुकरर गरेको छ।

१. यस मन्त्रालयका उप-सचिव श्रीमती भुवन राज्यलक्ष्मी सिंह विकास समितिमा काज जानुभएकोले निज फर्की नआएसम्मको लागि सो उप-सचिव पदमा यसै मन्त्रालयका बडालेखापाल श्री गोपालप्रसाद शर्मालाई, र

२. बडालेखापाल श्री गोपालप्रसाद शर्मा का. मु. उप-सचिव मुकरर भएकोले सो बडालेखापाल पदमा यसै मन्त्रालयका ना. सु. श्री लेखराज बैद्यलाई।

जङ्गबहादुर चन्द
श्री ५ को सरकारको सचिव

६५४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।